# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिबेदन

# Report on Child Marriage Prevalence Survey

## कनकासुन्दरी गाउँपालिका, जुम्ला

## **Kanakasundari Rural Municipality, Jumla**

**December 2023**

**Plan International Nepal**

**Kanakasundari Rural Municipality, Jumla**

**Collaborative Actions for Dignity (CAD)**

बिषयसूचि (**Contents**)


शब्दावली तथा परिभाषा ........................................................ ३

कृतज्ञता.................. ........................................................ ४

साराँश (Summary)..............................................................५

एकाइ १: परिचय (Introduction)...........................................१०

१.१ पृष्ठभूमि ........................................................१०

१.२ परियोजनाको परिचय ........................................ ११

१.३ सर्वेक्षणको उद्देश्य .............................................१२

एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology)........................... १३

२.१ गाउँपालिकाको पृष्ठभुमि ........................................ १३

२.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू..........१४

२.३ नमूना छनौट प्रक्रिया र नमूना ..................................१४

२.४ तथ्याङ्क सङ्कलन विधि ................................................ १६

एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु (Data Analysis and Findings)..१९

३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी.........................१९

३.२ बालबिवाह.........................................................२०

३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था.........................२०

३.२.२ बिवाहको प्रकार ........................................... २४

३.२.३ बिवाह दर्ताको अवस्था........................................ २५

३.२.४ बिवाह हुँदा र बिवाह पछिको शैक्षिक अवस्था ............... २६

३.२.५ गर्भावस्था र बालबच्चाको विवरण..........................२८

३.२.५ बालबिवाहका अवस्था र कारणहरूको जानकारी.............२९

३.२.६ बालबिवाहको अन्त्य गर्न सम्भावित उपायहरु ................ ३०

३.२.७ बालबिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी......... ३१

३.२.९ बालबिवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी ३२

३.२.१० बालबिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान
............................................................ ३३

३.२.११ बालबिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ
............................................................३४

३.२.१२ बालबिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने
सँघसस्थाहरुको जानकारी............................................ ३५

एकाइ ४ निष्कर्ष र सुझाव (Conclusion and Recommednations) .... ३५

४.१ निष्कर्ष........................................................ ३६

४.२ सुझाव........................................................३९

## शब्दावली तथा परिभाषा

**बाल बालिका :** संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

**बालविवाह :** सामान्य अर्थमा "बाल विवाह" भन्नाले कानुनले तोकेको उमेर नपुगी वा बाल्य अवस्थामा गरिने विवाह हो । विभिन्न देशहरूको कानुनले आ—आफ्नो राष्ट्रिय परिप्रेक्ष्य अनुसार विवाह गर्ने उमेर तोकेको हुन्छ । नेपालको सन्दर्भमा एक वा दुवैजनाको उमेर २० बर्षभन्दा मुनिको विवाह बालविवाह हुन्छ । नेपालमा बालबालिकाको परिभाषा अन्तर्गत तोकिएको उमेर (१८ वर्ष) र बालविवाहको लागि तोकिएको उमेर (२० वर्ष) फरक फरक रहेको छ । यसर्थ, नेपालको सन्दर्भमा 'बाल विवाह÷ भन्नाले नेपालको प्रचलित कानुन अनुसार २० बर्षभन्दा कम उमेरमा गरिने विवाह हो ।

# कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट इक्वलः बालबिवाह, छिटो हुने बिवाह र जवरजस्ति गरिने बिवाह रोकथाम (NORAD) परियोजना बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुका १० वटा पालिकामा बालबिवाह र छिटो हुने बिवाहको चलन सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारवालाहरुलाई अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा सिकाई ईकाईका तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ। परियोजनाको कार्यान्वयन साझेदारहरू आत्मसम्मानका लागि सहकार्य नेपाल (क्याड नेपाल) ले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनोटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (RoW) का अम्बिका तिमिल्सिना (परियोजना प्रबन्धक), झलक विश्वकर्मा (परियोजना संयोजक), हसरत अली (अनुगमन मूल्याङ्कन अनुसन्धान संयोजक) लगायत अजय महरा र दल बहादुर विश्वकर्मा (क्याड नेपाल) जसले यो सर्बेक्षणमा महत्त्वपूर्ण सहयोग गर्नु भएकोले वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरि दिनु हुने यस पालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु भाई दिदीबहिनी बाबु, आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं । यो सर्वेक्षण गर्न प्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद । धेरै व्यक्तिहरु र सरोकारवालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएको छ तसर्थ यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई म धन्यवाद दिन चाहन्छौं।

कृष्ण श्रेष्ठ
प्लान ईन्टरनेशनल नेपाल
अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा सिकाई इकाई

# सारांश (Summary)

कर्णाली प्रदेशमा अन्तर्गत जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिकामा बाल बिवाह व्यापकता दर सम्बन्धी सर्वेक्षण २०७९ मसिर २७ देखि २०८० मसिर २६ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरि सम्पन्न गरिएको थियो । कनकासुन्दरी पालिकाबाट सबै वडाहरू चयन गरिएको थियो भने कुल मिलाएर, ९८ (महिला ५४ र पुरुष ४४) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । सन् २०२३ को अबधिमा बिवाह भएका घरधुरीहरुको सहभागिता रहेको यस सर्वेक्षणमा ५५ प्रतिशत महिलाहरुको र बाँकि ४५ प्रतिशत पुरुषहरुको सहभागिता थियो । समग्रमा ७३ प्रतिशत ब्राह्मण/क्षेत्री र २७ प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो । उमेरगत रुपमा, ३३ प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ५८ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, ६ प्रतिशत उत्तरदाता ६१ वर्ष वा सो भन्दा माथिका थिए भने ३ प्रतिशत उत्तरदाताहरु २० बर्ष भन्दाकम उमेरका थिए ।

## सर्बेक्षणको सार

जम्मा ९८ घरपरिवार मध्य समग्रमा ७६ प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो भने बिवाह गर्ने कानूनी उमेर थाह भएका (७६ प्रतिशत) मध्ये ३९ प्रतिशत महिला तथा ३७ प्रतिशत पुरुषहरु रहेको छ ।

विगत चार बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ५८ प्रतिशत, सन् २०२१ मा ६० प्रतिशत, सन् २०२२ मा २५ प्रतिशत र सन् २०२३ मा घटेर १३ प्रतिशत (१८९ मध्य २५ जनाको) बाल बिवाहको दर पाईयो । बाल बिवाहको दर सन् २०२० को तुलनामा उल्लेख्य रुपमा घटेको पाईएको छ ।

सन् २०२३ मा ४ प्रतिशलले १८ बर्ष मुनि विवाह गरेको देखिन्छ भने ९ प्रतिशलले १८ बर्ष देखि १९ बर्षको उमेरमा विवाह गरेको देखिन्छ ।

जम्मा बिवाह भएको मध्ये ३ प्रतिशत महिलाहरुको र २ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष मुनि भएको पाईयो भने ६ प्रतिशत महिलाहरुको र ३ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष देखि १९ बर्षको उमेरमा भएको पाईयो । बाल बिवाह सबै भन्दा बढी ९.५ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो भने ३.५ प्रतिशत पहाडि दलित समुदायमा भएको पाईयो ।

सन् २०२३ अवधिमा यस पालिकामा जम्मा भएको बिवाह मध्ये करिब १ (१८९ मध्ये १) प्रतिशत मात्र अभिभावकले बिवाह गरी दिएको देखिन्छ भने बाँकि सबै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । बाल बिवाहको हकमा हेर्ने हो भने १३ प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको तथ्याङ्कले देखाउछ ।

सन् २०२३ अवधिमा बाल बिवाह भएका मध्ये १०० प्रतिशतनै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने जस मध्ये ६४ प्रतिशत महिलाको र बाँकि ३६ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो ।

२० वर्ष उमेर पछि बिवाह भएको (१६४) मध्ये जम्मा मात्र २९ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो । २० वर्ष उमेर माथि बिवाह भएको (१६४) मध्ये जम्मा १४ प्रतिशत पुरुषहरुको बिवाह दर्ता भएको देखियो भने महिलाहरुको हकमा १५ प्रतिशत बिवाह दर्ता भएको पाईयो । २० पारी भएका बिवाहको तथ्याङ्क हेर्दा दलित समुदायका कसैले पनि बिवाह दर्ता गरेको पाईएन भने ४८ जना ब्राम्हण क्षत्री समुदायले मात्र बिवाह दर्ता गरेको पाईयो ।

अधिकतम १० प्रतिशतको बाल बिवाह  माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ३ प्रतिशत आधारभूत तहसम्म पढेकाहरु माझ बाल बिवाह भएको पाईयो । यसरी नै २० बर्ष भन्दा पारी भएको बिवाहको मा ६० प्रतिशतको बिवाह  माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने १७ प्रतिशत आधारभूत तहसम्म पढेकाहरु र बाँकि १० प्रतिशत स्नातक वा सो भन्दा माथि पढेकाहरु माझ बिवाह भएको देखिन्छ ।

कनकासुन्दरी पालिकामा बिवाह अघि करिब १८८ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात १८ (१० प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर १७० जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो ।

कनकासुन्दरी पालिकामा बाल बिवाह  गरेकाहरु मध्ये बिवाहको बेला २५ जना जो बिध्यालयमा थियो वा जसले पढाईलाई निरन्तरता दिई रहेका थियो भने बिवाह पश्चात पनि उतिनै २१ जसले पढाईलाई निरन्तरता दिई रहेका पाईयो । लगभग १६ प्रतिशतले बाल बिवाह पश्चात पढाई छोडेको पाईयो ।

सन् २०२३ मा बिवाह भएका महिलाहरु मध्ये २४ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह  गर्नेहरु मध्ये १३ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।

४७ प्रतिशत सहभागिले हाल पनि बाल बिवाहको चलन बिध्यमान रहेको बताए भने ५२ प्रतिशतले बाल बिवाहको चलन नरहेको बताएका छन भने बाँकि १ प्रतिशत सहभागिहरुले आफूलाई थाह नभएको बताएका छन् ।

७८ प्रतिशत उत्तरहरु गरिबी भएकोले, ५९ प्रतिशत उत्तरहरु आफ्नै ईच्छाले वा भागेर बिवाह गर्ने गरेकोले,  ४० प्रतिशत उत्तरहरु साथिहरुको लहलहैमा लागेर, ३७ प्रतिशत उत्तरहरु उमेरसँग सँगै दाईजो पनि बढ्ने कारणले र ३४ प्रतिशत उत्तरहरु सामाजिक परम्पराको कारणले यस समुदायमा हाल पनि बाल बिबाह हुने गरेको बताएको छ भने २३ प्रतिशत उत्तरहरु अशिक्षित वा नजानेर भन्ने आएको छ ।

७७ प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने, ७७ प्रतिशत नै उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने, ६० प्रतिशत उत्तरहरु सामाजिक कार्यक्रममा सहभागि हुनमा कमि, ५८ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने वा पढाई छोड्ने र ५० प्रतिशत उत्तरहरु बाहिर हिड्डुलमा कमि आउने बाल बिवाहका मुख्य नकारात्मक असरहरु हुने बताएकाछन् ।

७० प्रतिशत उत्तरहरु कडा कानून लागु गरेर, ७० प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर, ६५ प्रतिशत उत्तरहरु बाल क्लब तथा सँरक्षण समितीहरु गठन तथा सहभागि गराएर ५१ प्रतिशत उत्तरहरु मेडियाबाट जनचेतना जगाएर र ४७ प्रतिशत उत्तरहरु बाल बालिकाहरुलाई जनचेतना जगाएर यस समुदायमा रहेको बाल बिबाहको चलन अन्त्य गर्न सक्ने बताईन् ।

सबै भन्दा बढी ९० प्रतिशत उत्तरहरु बिवाह दर्ता नहुने, ७७ प्रतिशत उत्तरहरु स्वत बिवाह बदर, ५७ प्रतिशत उत्तरहरु कैद र जरिवाना (तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई) र ५५ प्रतिशत उत्तरहरु २० वर्ष भन्दा अगाडी केटा वा केटीले बिवाह गर्नु हुदैन वा गराउनु हुदैन भन्ने जानकारी भएको पाईयो ।

कुल उत्तरदाता (९८) मध्ये २९% (२८ जना) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो ।

सबै भन्दा बढी ९० प्रतिशत उत्तरहरु पुलिसमा, ७८ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ३३ प्रतिशत उत्तरहरु निगरानी समूहमा, २७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा र ३१ प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ ।

कुल उत्तरदाता (९८) मध्ये ७२ प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले, ६१ प्रतिशत प्रतिक्रियाहरू युवा क्लब तथा सञ्जालले, ६० प्रतिशत प्रतिक्रियाहरू बाल क्लब तथा सँञ्जालले, ५६ प्रतिशत प्रतिक्रियाहरू पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने ५१ प्रतिशत प्रतिक्रियाहरू परिवारले र ४४ प्रतिशत बालबालिका आफैले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएकाछन् ।

समग्रमा मात्र ७९ प्रतिशत (९५ को ७७) उत्तरदाताले समुदायमा बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी भएको बताएका छन् भने बाँकि २१ प्रतिशत उत्तरदाताहरुलाई बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी नभएको पाईयो ।

## सुझावहरु

बाल बिवाहको चलन बढी भएको समुदायहरु जस्तै ब्राम्हण क्षेत्री समुदाय भएको गाउँहरुमा विशेष योजना बनाएर वडा कार्यालयहरु तथा पालिकासँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ । साथै २० प्रतिशत भन्दा कम बाल बिवाह भएका वडाहरुमा वडा कार्यालयसँग मिलेर बाल बिवाह मुक्त वडा घोषणा गर्न पहल गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहभै सकेका बाल बालिकाहरुलाई लक्षित गरी बाल बिवाह भएता पनि रोजगारीको अवसर सृजना गर्ने तथा ढिलो गर्भवति हुने वा ढिलो बच्चा जन्माउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

बाल बिवाह भएका मध्ये १०० प्रतिशतनै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने जस मध्ये ६४ प्रतिशत महिलाको र बाँकि ३६ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई बाल बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु बढी जोड दिएर सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२० वर्ष उमेर पछि बिवाह भएको (१६४) मध्ये जम्मा मात्र २९ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो । २० वर्ष उमेर माथि बिवाह भएको (१६४) मध्ये जम्मा १४ प्रतिशत पुरुषहरुको बिवाह दर्ता भएको देखियो भने महिलाहरुको हकमा १५ प्रतिशत बिवाह दर्ता भएको पाईयो । २० पारी भएका बिवाहको तथ्याङ्क हेर्दा दलित समुदायको कसैले पनि विवाह दर्ता गरेको पाईएन र ४८ जना ब्राम्हण क्षत्री समुदायले मात्र बिवाह दर्ता गरेको पाईयो । तसर्थ बिवाह दर्ता कम भएको समुदायमा वडा तथा पालिकासँग हातेमालो गरी बिवाह दर्ता अभियान चलाउनुको साथै अरु समुदायमा पनि बिवाह दर्ताको महत्व बुझाउनु पर्ने देखिन्छ ।

सन् २०२३ मा अधिकतम १० प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ३ प्रतिशत आधारभूत तहसम्म पढेकाहरु माझ बाल बिवाह भएको पाईयो । यसरी नै २० बर्ष भन्दा पारी भएको बिवाहको मा ६० प्रतिशतको बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने १७ प्रतिशत आधारभूत तहसम्म पढेकाहरु र बाँकि १० प्रतिशत स्नातक वा सो भन्दा माथि पढेकाहरु माझ बिवाह भएको देखिन्छ । तसर्थ बाल बिवाहको चलन बढी भएको समुदायहरुमा बाल बिवाह  पश्चात शिक्षाबाट बन्चित हुने कुराको जनचेतना जगाउँनु पर्ने देखिन्छ भने शिक्षामा बढी जोड दिनु पर्ने देखिन्छ।

सन् २०२३ मा बिवाह भएका महिलाहरु मध्ये २४ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह  गर्नेहरु मध्ये १३ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ । तसर्थ समुदायका बाल बालिका लगायत सबैलाई कम उमेरमा गर्भवति भएमा यसले आमा र बच्चामा निम्त्याउन सक्ने नकारात्मक असरहरुको बारेमा जनचेतना जगाउनु पर्ने देखिन्छ ।

कुल उत्तरदाता (९८) मध्ये २९% (२८ जना) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो । तसर्थ यस क्षेत्रमा पनि ति समुदायहरुमा व्यापक जनचेतना जगाउँन वडा कार्यालय, पालिका र स्थानीय सँञ्चार माध्यमहरुसँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।

७७ प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने, ७७ प्रतिशत उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने, ६० प्रतिशत उत्तरहरु सामाजिक कार्यक्रममा सहभागि हुनमा कमि, ५८ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने वा पढाई छोड्ने र ५० प्रतिशत उत्तरहरु बाहिर हिड्डुलमा कमि आउने बाल बिवाहका मुख्य नकारात्मक असरहरु हुने यस सर्वेक्षणमा सहभागि भएकाहरुले बताएकाछन् । तयर्थ समुदायमा बाल बिवाहबाट सृजना हुने नकारात्मक असरहरुको व्यापक जानकारी दिनु पर्ने देखिन्छ ।

७८ प्रतिशत उत्तरहरु गरिबी भएकोले, ५९ प्रतिशत उत्तरहरु आफ्नै ईच्छाले वा भागेर बिवाह गर्ने गरेकोले, ४० प्रतिशत उत्तरहरु साथिहरुको लहलहैमा लागेर, ३७ प्रतिशत उत्तरहरु उमेरसँग सँगै दाईजो पनि बढ्ने कारणले र ३४ प्रतिशत उत्तरहरु सामाजिक परम्पराको कारणले यस समुदायमा हाल पनि बाल बिबाह हुने गरेको यस सर्वेक्षणमा सहभागि भएकाहरुले बताईन् भने २३ प्रतिशत उत्तरहरु अशिक्षित वा नजानेर भन्ने आएको छ । यसर्थ यि कारणहरुलाई मध्यनजर गरी जनचेतनामूलक कार्यक्रमहरु व्यापकरुपमा सञ्चालन गर्नु पर्ने देखिन्छ भने आय आर्जनमूलक अवसरको सृजना गर्नु पर्ने देखिन्छ ।

सबै भन्दा बढी ७८ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ९० प्रतिशत उत्तरहरु पुलिसमा, २७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ३३ प्रतिशत उत्तरहरु निगरानी समूहमा र ३१ प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा रिपोर्ट गर्नु पर्छ भन्ने यस सर्वेक्षणमा सहभागि भएकाहरुलाई जानकारी भएको पाईएकोछ । यो समुदायमा बाल बिवाह भएमा रिपोर्ट गर्ने सम्यन्त्रको बारेमा कम जानकारी भएको देखिएकोले मिडिया मार्फत व्यापक जानकारी दिन सकेमा राम्रो हुन्छ ।

कुल उत्तरदाता (९८) मध्ये ७२ प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले, ५६ प्रतिशत प्रतिक्रियाहरू पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भनेले ६१ प्रतिशत प्रतिक्रियाहरू युवा क्लब तथा सञ्जालले, ६० प्रतिशत प्रतिक्रियाहरू बाल क्लब तथा सँञ्जालले, ५१ प्रतिशत प्रतिक्रियाहरू परिवारले र ४४ प्रतिशत बालबालिका आफैले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू आए अनुरुप यि समुदायहरुसँग हातमा हात मिलाएर काम गर्न सकेमा बाल बिवाह अन्त्य गर्न सकिन्छ ।

# एकाइ १: परिचय (Introduction)

## १.१ पृष्ठभूमि

नेपालमा प्रचलित बालबिवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । नेपालमा बालबिवाहको प्रचलन बढी छ जस्मा २०—२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो बिवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा बिवाह भएको पाइन्छ । बालबिवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालबिवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालबिवाहको प्रचलन फरक फरक पाइन्छ ।

नेपालको संविधान (संविधान २०१५) ले बालबिवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालबिवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार, जोखिमपूर्ण कामबाट संरक्षणको अधिकार र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले नेपालमा बालबिवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति २०७२ लाई अपनाएको छ, जसले बालबिवाह विरुद्ध लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले सन् २०३० सम्ममा बालबिवाह उन्मूलन गर्नेछ । यसले बालबिवाह अन्त्य गर्न बहु—क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरण, बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा, बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउने परिवार र समुदायलाई सहभागि गर्ने, सेवाहरूमा पहुँच र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालबिवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ ।

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने जुम्लाको कनकासुन्दरी गाउपालिकामा बाल बिवाह, कम उमेरमा हुने बिवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सुझाबहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालबिवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको दर घटाउनु रहेको छ । यो एउटा बृहत्तर कार्यपद्धतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृद्धि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृद्धिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाह नहोस ।

यो परियोजनाले समुदाय परिचालनका माध्यामबाट बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो बिवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ । त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ ।
यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४,८२२ बालबालिका लाभान्वित हुनेछन ।

**परियोजनाको मूख्य उद्देश्यः**
"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका दरलाई घटाउनु ।"

**आशा गरिएका परिणामहरुः**
- बिद्यालयमा बालिकाहरुको निरन्तरता ।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृद्धि ।

- बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुाको आर्थिक अभिबृद्धिका अवशरहरुको सवलीकरण ।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो बिवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यताको अनुशरण ।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन खास गरी बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्न सरोकारवालाको सक्रियतामा बृद्धि ।

## १.३ सर्वेक्षणको उद्देश्य

सर्वेक्षणको समग्र उद्देश्य यस पालिकामा बालबिवाहको व्यापकता वा चलनको स्थिति पत्ता लगाउँनु ।

- बालबिवाहको व्यापकता वा चलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउँनु ।
- सर्वेक्षणको नतिजाको आधारमा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।
- सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।

# एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology)

## २.१ गाउँपालिकाको पृष्ठभुमि

नेपालको संघिय संरचना अनुसार ७५३ स्थानिय तहहरु मध्य कनकासुन्दरी गाउँपालिका नेपालको खस भाषाको उदगम थलो मानिने जुम्ला जिल्लाको सिंजा क्षेत्रको केन्द्र विन्दुमा अवस्थित रहेको छ । यस गाउँपालिकाको नामाकरण गाउँपालिकाको प्रख्यात कनकासुन्दरी मन्दिरको नामबाट भएको हो । समुन्द्री सतह देखि २५१४ मिटरसम्मको उचाईमा रहेको कनकासुन्दरी गाउँपालिका भौगोलिक अवस्थितिका हिसावले २९ डिग्री २४ मिनेट ४९सेकेण्ड उतरि अक्षांश र ८२ डिग्री 0 मिनेट ५५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिका जुम्ला जिल्लाको सदरमुखकाम खलंगा देखि करिव ५५ किमि दुरीमा पश्चिम भागमा रहेको छ । यस गाउँपालिकाको पुर्वमा पातारासी गाउँपालिका पश्चिममा कालिकोट जिल्लाको पलाता गाउँपालिका उतरमा मुगु जिल्लाको खत्याड गाउँपालिका र दक्षिणमा सिंजा गाउँपालिका सँग सिमाना जोडिएको छ । जुम्ला जिल्लाको कुल भुभाग ८.११ प्रतिशल ओगट्ने यस गाउँपालिकाले २२५.३६ वर्ग कि.मि भु-भाग ओगेटेको छ । जुम्ला जिल्लामा अवस्थित कनकासुन्दरी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको उच्च पहाडी विशेषता बोकेको गाउँपालिका हो साविक बुम्रमाडीचौर, मालिकाबोता कनकासुन्दरी विराट र पाण्डवगुफा गा.वि.स मिलेर बनेको यो गाउँपालिकामा ८ वडा कार्यालय सँगै यहाँको भौगोलिक अवस्थिति, ऐतिहाँसिक चिनारी र प्राकृतिक तथा सास्कृतिक उत्कृष्ठता विकासका प्रचुर सम्भावना रहेको छ ।

नामाकरणको सन्दर्भमा गाउँपालिको नामाकरण हाल वडा नं ४ मा रहेको प्रसिद्ध मन्दिर कनकासुन्दरी देविको मन्दिरको नाममा यस गाउँपालिकाको नामकरण भएको हो । कनकासुन्दरी मन्दिर यस क्षेत्रकै प्रसिद्ध धार्मिक पिठक हो । यसका साथै यस गाउँ पालिकामा विभिन्न ८ वडाहरुमा रहेका प्राकृतिक तथा पर्यटकिय स्थल रहेका छन (पाण्डवगुफा, विराट दरवार, गरुडनुहनी, तिलिचौरमाई, कनकासुन्दरी मन्दिर, बुढुमस्टो मन्दिर, लामाथाडा, विष्णुदेविको मन्दिर, बुलबुले पाटन, रोत पर्यटकिय ताल, छेडे महादेव मन्दिर, जार्जगुफा ) आदि प्रख्यात पर्यटकिय स्थलहरु यस गाउँपालिकामा अवस्थित रहेका छन ।

गाउँपालिकाको कुल क्षेत्रफलको करिव ५५.३६% बनक्षेत्र, २६.२०% भु-भाग घाँसे मैदान वा चरण क्षेत्र र १५.१३% जमिन खेतियोग्य रहेको छ ।गाउँपालिकालाई मुल क्षेत्र बनाएर अविरल वगिरहने हिमा नदि महेन्द्रमल्लि खोला, छलसेरी खोला, धोविघाट खोला, लेतेगाड, जिउगाड, न्याउरिगाड खोलाहरु यहाँका प्रकृति सम्पदाको साथै सिचइ कुलो गर्न महत्वपुर्ण रहेका छन ।जैविक विविधताको हिसावले उच्च पर्वतिय चिसो हावापानिमा पाइने जिव अर्ना, थार, कस्तुरी, सुगुर, झारल, घोडल, डाँफे, कालिज, क्याडेभ्याकुर, आदि जिवहरु मुख्य रुपमा रहेका छन ।जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीहरु पाखनबेद, सतुवा,पाँचऔले, गुच्छिच्याउ, जटामसि, सिलाजित, बनलसुन, कुरिल्लो, खिरौलो, सुर्कील्लो,टिपलाइटच्याउ आदि रहेका छन । यस गाउँपालिकाको माथिल्लो भेगमा अधिकांस स्थानमा

बन तथ खर्कहरु रहेका छन् । गाउँपालिको उतरम देखिने रमणिय हिमाली श्रृखलाहरुले यहाको सुन्दरता बढाएको छ ।

ऐतिहाँसिक महत्व सिँजा क्षेत्रको विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दु साँस्कृतिको अनुपम संगम रहेको छ । क्षेत्री ब्राम्हण, दलित, जातिहरुको मिश्रित बसोबास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा खस नेपाली भाषा रहेको छ। धार्मिक रुपमा हिन्दु धर्मालम्बिको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरुमा दशै, तिहार, जनैपुर्णिमा, माघे संक्रन्ति,साउन पुर्णिमा, चैत्य दशै आदि रहेका छन । धार्मिक तथा भाषिक रुपमा एकरुपता रहेको यस गाउँपालिकामा साँस्कृतिक चाड पर्वको समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ ।

## २.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको बेनामि मात्रात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्वेक्षण गरिएको थियो । सर्वेक्षण गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो । कालिकोटको रास्कोटा, सान्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकसुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउँपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्वेक्षणमा समेटिएको थियो ।

यो सर्वेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समावेस गरिएको थियो ।

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

२०७९ मसिर २७ देखि २०८० मसिर २६ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । कनकासुन्दरी पालिकाबाट सबै वडाहरू चयन गरिएको थियो र कुल मिलाएर, ९८ (महिला ५४ र पुरुष ४४) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । समुदायमा गणकहरुले बिवाह भएको घर पत्ता लगाउँन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो । गणकहरूले बिवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो बिवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

| वडा न | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८ | ५७% | ६ | ४३% | १४ |
| २ | ७ | ७८% | २ | २२% | ९ |
| ३ | ६ | ३५% | ११ | ६५% | १७ |
| ४ | १ | २०% | ४ | ८०% | ५ |
| ५ | २ | २९% | ५ | ७१% | ७ |
| ६ | २ | १८% | ९ | ८२% | ११ |
| ७ | ९ | ६९% | ४ | ३१% | १३ |
| ८ | १९ | ८६% | ३ | १४% | २२ |
| | **५४** | **५५%** | **४४** | **४५%** | **९८** |

सन् २०२३ को अबधिमा बिवाह भएका घरधुरीहरुको सहभागिता रहेको यस सर्बेक्षणमा ५५ प्रतिशत महिलाहरुको र बाँकि ४५ प्रतिशत पुरुषहरुको सहभागिता थियो । वडा नम्बर ८ र २ मा महिलाहरुको सहभागिता बढी थियो भने पुरुषहरुको हकमा वडा नम्बर ६ र ४ मा सहभागिता बढी थियो ।




समग्रमा ७३ प्रतिशत ब्राह्मण/क्षेत्री, र २७ प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो । वडागत रुपमा हेर्नेहो भने दलितहरुको सहभागिता वडा नम्बर ६ र ८ मा बढी छ भने अन्य वडाहरुमा ब्राह्मण/क्षेत्री सहभागिता बढी रहेको देखिन्छ ।

**जातिगत रुपमा सहभागिहरुको विवरण**




उमेरगत रुपमा, ३३ प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ५८ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, ६ प्रतिशत उत्तरदाता ६१ वर्ष वा सो भन्दा माथिका थिए भने ३ प्रतिशत उत्तरदाताहरु २० बर्ष भन्दाकम उमेरका थिए।

**उमेरगत रुपमा सहभागिता**




## २.४ तथ्याङ्क सङ्कलन विधि

सर्वेक्षण प्रश्नावली कोबो टूलबक्स (KoBo Toolbox) मा डिजाइन गरिएको थियो, मोबाइलमा आधारित डाटा सङ्कलनका लागि निःशुल्क र खुला स्रोत सफ्टवेयर कोबो टूलबक्स प्रयोग गरिएको थियो । मोबाईलमा आधारीत कोबो कलेक्ट एप प्रयोग गरेर घरपरिवार सर्वेक्षण गरिएको थियो। यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समाबेस गरिएको थियो।

स्थानीय साझेदार सस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको

थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre-test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।

प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

स्थानीय साझेदारहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि गाउँपालिका/नगरपालिकाबाट लिखित सहमति प्राप्त गरेका थिए। गणकहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि अध्ययनमा सहभागीहरूबाट लिखित सहमति प्राप्त गरेका थिए र यदि उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो। अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो।

तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

## २.६ तथ्याङ्क गुणस्तर, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाब र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझाबहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सङ्कलन लगि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।

तथ्याङ्क सङ्कलन पश्चात सम्बन्धित साझेदार सँघसस्थाहरुका कर्मचारीहरुलाई तथ्याङ्क चेक जाँच र समिक्षाको लागि पठाईएको थियो र उहाँहरुबाट चेक जाँच र समिक्षा तथा रुजु गरी ठिक छ भने पछिमात्र तथ्याङ्क बिश्लेषण गरीएको थियो ।

सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

## २.७ अध्ययनको सीमितता

अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ।

अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन्।

अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले बालबिवाहको न्यूनिकरणमा योगदान पुऱ्याएको हुन सक्छ।

# एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु (Data Analysis and Findings)

## ३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी

तालिका १: बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी

| वडा नम्बर | छ | % | छैन | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | १० | ७१% | ४ | २९% | १४ |
| २ | ६ | ६७% | ३ | ३३% | ९ |
| ३ | १६ | ९४% | १ | ६% | १७ |
| ४ | ५ | 100% | ० | ०% | ५ |
| ५ | ४ | ५७% | ३ | ४३% | ७ |
| ६ | ७ | ६४% | ४ | ३६% | ११ |
| ७ | १२ | ९२% | १ | ८% | १३ |
| ८ | १४ | ६४% | ८ | ३६% | २२ |
| जम्मा | ७४ | ७६% | २४ | २४% | ९८ |

यो अध्ययनमा सहभागि भएका ९८ घरपरिवार मध्य समग्रमा ७६ प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा सबै भन्दा बढी वडा नम्बर ४ (१०० प्रतिशत), वडा नम्बर ३ (९४ प्रतिशत) र वडा नम्बर ७ (९२ प्रतिशत) का सहभागिलाई थाह भएको पाईयो ।

तालिका २: लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेरको बारेमा ज्ञान

| वडा नम्बर | ज्ञान भएको | | | | | | ज्ञान नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ५ | ३६% | ५ | ३६% | १० | ७१% | ३ | २१% | १ | ७% | ४ | २९% | १४ |
| २ | ५ | ५६% | १ | ११% | ६ | ६७% | २ | २२% | १ | ११% | ३ | ३३% | ९ |
| ३ | ५ | २९% | ११ | ६५% | १६ | ९४% | १ | ६% | ० | ०% | १ | ६% | १७ |
| ४ | १ | २०% | ४ | ८०% | ५ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ५ |
| ५ | ० | ०% | ४ | ५७% | ४ | ५७% | २ | २९% | १ | १४% | ३ | ४३% | ७ |
| ६ | २ | १८% | ५ | ४५% | ७ | ६४% | ० | ०% | ४ | ३६% | ४ | ३६% | ११ |
| ७ | ९ | ६९% | ३ | २३% | १२ | ९२% | ० | ०% | १ | ८% | १ | ८% | १३ |
| ८ | ११ | ५०% | ३ | १४% | १४ | ६४% | ८ | ३६% | ० | ०% | ८ | ३६% | २२ |
| जम्मा | ३८ | ३८.८% | ३६ | ३६.७% | ७४ | ७६% | १६ | १६% | ८ | ८% | २४ | २४% | ९८ |

समग्रमा बिवाह गर्ने कानूनी उमेर थाह भएका (७६ प्रतिशत) मध्ये ३९ प्रतिशत महिला तथा ३७ प्रतिशत पुरुषहरुलाई मात्र बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो । वडागत

रुपमा लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विवरण तालिका नम्बर २ मा प्रश्तुत गरीएको छ ।

## ३.२ बालबिवाह

### ३.२.१ गाउँपालिकामा बालबिवाहको अवस्था

**विगत ४ वर्षको बाल विवाह र छिटो विवाहको तुलनात्मक स्थिति**




यस पालिकाको विगत चार बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ५८ प्रतिशत, सन् २०२१ मा ६० प्रतिशत, सन् २०२२ मा २५ प्रतिशत र सन् २०२३ मा घटेर १३ प्रतिशत बाल बिवाहको दर पाईयो । बाल बिवाह को दर सन् २०२१ को तुलनामा उल्लेख्य रुपमा घटेको पाईएको छ ।

**तालिका ३ः वडागत अनुसार बिवाहको विवरण**

| वडा नम्बर | १८ बर्ष मुनि | % | १८ देखि १९ बर्ष | % | जम्मा बालविवाह | % | २० बर्ष माथि | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ०% | १ | ४% | १ | ४% | २७ | ९६% | २८ |
| २ | २ | ११% | ० | ०% | २ | ११% | १६ | ८९% | १८ |
| ३ | ३ | ९% | २ | ६% | ५ | १५% | २९ | ८५% | ३४ |
| ४ | ० | ०% | ० | ०% | ० | ०% | १० | १००% | १० |
| ५ | ० | ०% | ० | ०% | ० | ०% | १४ | १००% | १४ |
| ६ | ० | ०% | २ | १०% | २ | १०% | १९ | ९०% | २१ |
| ७ | १ | ४% | ३ | १३% | ४ | १७% | २० | ८३% | २४ |
| ८ | २ | ५% | ९ | २३% | ११ | २८% | २९ | ७३% | ४० |
| जम्मा | ८ | ४% | १७ | ९% | २५ | १३% | १६४ | ८७% | १८९ |

सन् २०२३ मा ४ प्रतिशलले १८ बर्ष मुनि विवाह गरेको देखिन्छ भने ९ प्रतिशलले १८ बर्ष देखि १९ बर्षको उमेरमा विवाह गरेको देखिन्छ । समग्रमा १३ प्रतिशलको बाल विवाह भएको देखिन्छ । वडागत रुपमा विष्तृत विवरण तालिका ३ मा दिईएको छ ।

**तालिका ४: वडागत अनुसार बाल बिवाहको ४ बर्षको विवरण**

| वडा नम्बर | सन् २०२० | | | सन् २०२१ | | | सन् २०२२ | | | सन् २०२३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | १०० | ७६ | ७६% | १४ | ५ | ३६% | २० | १ | ५% | २८ | १ | ४% |
| वडा न-२ | ८५ | ४६ | ५४% | १३ | ७ | ५४% | ३ | ० | ०% | १८ | २ | ११% |
| वडा न-३ | १०० | ५९ | ५९% | २९ | १२ | ४१% | १८ | १ | ६% | ३४ | ५ | १५% |
| वडा न-४ | १०९ | ४३ | ३९% | ३४ | २४ | ७१% | १६ | ५ | ३१% | १० | ० | ०% |
| वडा न-५ | ७० | ५४ | ७७% | १३ | ७ | ५४% | १५ | १ | ७% | १४ | ० | ०% |
| वडा न-६ | १०४ | ६३ | ६१% | २५ | १९ | ७६% | ८ | ३ | ३८% | २१ | २ | १०% |
| वडा न-७ | १०५ | ४४ | ४२% | १३ | ८ | ६२% | १३ | २ | १५% | २४ | ४ | १७% |
| वडा न-८ | १०० | ६१ | ६१% | १५ | १२ | ८०% | ३१ | १८ | ५८% | ४० | ११ | २८% |
| **जम्मा** | **७७३** | **४४६** | **५८%** | **१५६** | **९४** | **६०%** | **१२४** | **३१** | **२५%** | **१८९** | **२५** | **१३%** |

यस पालिकामा सन् २०२३ मा १८९ जनाको बिवाह भएका थियो भने जसमा २५ बालबिवाहमा पर्दछन् जुन जम्मा बिवाहको १३ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ६० प्रतिशत, सन् २०२० मा ५८ प्रतिशत र सन् २०२२ मा २५ प्रतिशत थियो । वडा नं ८ बालबिवाह वढि छ भने अरु सबै वडाहरु बाल बिवाह कम छ । तालिका ४ मा विष्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**गत ४ बर्षको वडागत अनुसार वाल विवाहको तुलनात्मक प्रतिशत**




यस कनकासुन्दरी पालिकामा सन् २०२०, २०२१ र २०२२ को तुलनामा सन् २०२३ मा उल्लेख्य रुपमा बाल विवाह घटेको पाईएको छ । सन् २०२३ मा उल्लेख्य रुपमा बाल विवाह घटेको पाईएतापनि वडा नम्बर ८ मा अन्य वडाको तुलनामा बढी बाल विवाह भएको देखिन्छ ।

**तालिका ५: सन् २०२३ मा लैङ्गिक तथा वडागत बाल बिवाहको विवरण**

| वडा न | १८ बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | १८ देखि १९ बर्ष मा भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | १ | ४% | ० | ०% | १ | ४% | २८ |
| वडा न-२ | १ | ६% | १ | ६% | २ | ११% | ० | ०% | ० | ०% | ० | ०% | १८ |
| वडा न-३ | २ | ६% | १ | ३% | ३ | ९% | १ | ३% | १ | ३% | २ | ६% | ३४ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १४ |
| वडा न-६ | ० | ०% | ० | ०% | ० | ०% | २ | १०% | ० | ०% | २ | १०% | २१ |
| वडा न-७ | १ | ४% | ० | ०% | १ | ४% | १ | ४% | २ | ८% | ३ | १३% | २४ |
| वडा न-८ | १ | ३% | १ | ३% | २ | ५% | ६ | १५% | ३ | ८% | ९ | २३% | ४० |
| **जम्मा** | **५** | **३%** | **३** | **२%** | **८** | **४%** | **११** | **६%** | **६** | **३%** | **१७** | **९%** | **१८९** |

जम्मा बिवाह भएको मध्ये ३ प्रतिशत महिलाहरुको र २ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष मुनि भएको पाईयो भने ६ प्रतिशत महिलाहरुको र ३ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष देखि १९ बर्षको उमेरमा भएको पाईयो । यसले यो पालिकामा पुरुषहरुको तुलनामा महिलाहरुको बढी मात्रामा बाल बिवाह हुने गरेको देखाउँछ ।

**तालिका ६: सन् २०२३ मा लैङ्गिक तथा वडागत बाल बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | २० बर्ष पारि भएको बिवाह | जम्मा |
|---|---|---|---|

| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | १ | ४% | ० | ०% | १ | ४% | १४ | ५०% | १३ | ४६% | २७ | ९६% | २८ |
| वडा न-२ | १ | ६% | १ | ६% | २ | ११% | ८ | ४४% | ८ | ४४% | १६ | ८९% | १८ |
| वडा न-३ | ३ | ९% | २ | ६% | ५ | १५% | १४ | ४१% | १५ | ४४% | २९ | ८५% | ३४ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | ५ | ५०% | ५ | ५०% | १० | १००% | १० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ७ | ५०% | ७ | ५०% | १४ | १००% | १४ |
| वडा न-६ | २ | १०% | ० | ०% | २ | १०% | ९ | ४३% | १० | ४८% | १९ | ९०% | २१ |
| वडा न-७ | २ | ८% | २ | ८% | ४ | १७% | ११ | ४६% | ९ | ३८% | २० | ८३% | २४ |
| वडा न-८ | ७ | १८% | ४ | १०% | ११ | २८% | १५ | ३८% | १४ | ३५% | २९ | ७३% | ४० |
| **जम्मा** | **१६** | **८%** | **९** | **५%** | **२५** | **१३%** | **८३** | **४४%** | **८१** | **४३%** | **१६४** | **८७%** | **१८९** |

यस पालिका अन्तरगत जम्मा बाल बिवाह भएको मध्ये ८ प्रतिशत महिलाहरुको र ५ प्रतिशत पुरुषहरुको बाल बिवाह भएको पाईयो जसमा यो दर महिलाहरुको सन्दर्भमा सबै भन्दा बढी वडा नम्बर ७ मा १८ प्रतिशत, वडा नम्बर ६ मा १० प्रतिशत रहेको छ । त्यसरीनै पुरुषहरुको हकमा सबै भन्दा बढी वडा नम्बर ८ मा १० प्रतिशत र वडा नम्बर ७ मा ८ प्रतिशत बाल बिवाह भएको पाईयो ।

**तालिका ७: सन् २०२३ मा जातिगत तथा वडागत बाल बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारि भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण क्षत्री | % | दलित | % | जम्मा | % | ब्राहम्ण क्षत्री | % | दलित | % | जम्मा | % | |
| वडा न-१ | १ | ४% | ० | ०% | १ | ४% | २७ | ९६% | ० | ०% | २७ | ९६% | २८ |
| वडा न-२ | २ | ११% | ० | ०% | २ | ११% | १६ | ८९% | ० | ०% | १६ | ८९% | १८ |
| वडा न-३ | ५ | १५% | ० | ०% | ५ | १५% | २९ | ८५% | ० | ०% | २९ | ८५% | ३४ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | १० | १००% | ० | ०% | १० | १००% | १० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | १४ | १००% | ० | ०% | १४ | १००% | १४ |
| वडा न-६ | ० | ०% | २ | १०% | २ | १०% | ० | ०% | १९ | ९०% | १९ | ९०% | २१ |
| वडा न-७ | ४ | १७% | ० | ०% | ४ | १७% | २० | ८३% | ० | ०% | २० | ८३% | २४ |
| वडा न-८ | ६ | १५% | ५ | १३% | ११ | २८% | ६ | १५% | २३ | ५८% | २९ | ७३% | ४० |
| **जम्मा** | **१८** | **१०%** | **७** | **४%** | **२५** | **१३%** | **१२२** | **६५%** | **४२** | **२२%** | **१६४** | **८७%** | **१८९** |

यस पालिकाको जातिगत रुपमा बाल बिवाहको तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी ९.५ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो भने ३.५ प्रतिशत पहाडि दलित समुदायमा भएको पाईयो । वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नम्बर ७ मा १७ प्रतिशत र

वडा नम्बर ३ र ८ मा १५ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा बाल बिवाह भएको देखियो । त्यसरी नै पहाडि दलित समुदायको सन्दर्भमा हेर्नेहो भने सबै भन्दा बढी वडा नम्बर ८ मा १३ प्रतिशत, र वडा नम्बर ६ मा १० प्रतिशत बाल बिवाहको भएको देखियो ।

## ३.२.२ बिवाहको प्रकार

**तालिका ८: सन् २०२३ मा भएको बिवाहको प्रकार तथा वडागत बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारि भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभाव कले गरी दिएको बिवाह | % | आफैले गरेको बिवाह | % | जम्मा | % | अभिभाव कले गरी दिएको बिवाह | % | आफैले गरेको बिवाह | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | १ | ४% | १ | ४% | ० | ०% | २७ | ९६% | २७ | ९६% | २८ |
| वडा न-२ | ० | ०% | २ | ११% | २ | ११% | ० | ०% | १६ | ८९% | १६ | ८९% | १८ |
| वडा न-३ | ० | ०% | ५ | १५% | ५ | १५% | ० | ०% | २९ | ८५% | २९ | ८५% | ३४ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १० | १००% | १० | १००% | १० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १४ | १००% | १४ | १००% | १४ |
| वडा न-६ | ० | ०% | २ | १०% | २ | १०% | ० | ०% | १९ | ९०% | १९ | ९०% | २१ |
| वडा न-७ | ० | ०% | ४ | १७% | ४ | १७% | १ | ४% | १९ | ७९% | २० | ८३% | २४ |
| वडा न-८ | ० | ०% | ११ | २८% | ११ | २८% | ० | ०% | २९ | ७३% | २९ | ७३% | ४० |
| **जम्मा** | **०** | **०%** | **२५** | **१३%** | **२५** | **१३%** | **१** | **१%** | **१६३** | **८६%** | **१६४** | **८७%** | **१८९** |

सन् २०२३ अवधिमा यस पालिकामा जम्मा भएको बिवाह मध्ये करिब १ (१८९ मध्ये १) प्रतिशत मात्र अभिभावकले बिवाह गरी दिएको देखिन्छ भने बाँकि सबै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । बाल बिवाहको हकमा हेर्ने हो भने १३ प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको तथ्याङ्कले देखाउछ । यसरीनै बाल बिवाहको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर ८ मा २८ प्रतिशत, वडा नम्बर ७ मा १७ प्रतिशत र वडा नम्बर ३ मा १५ प्रतिशत आफ्नै ईच्छाले बिवाह गर्ने गरेको पाईयो । यसरी २० वर्ष पारी वा माथि बिवाह गर्नेहरुको सवालमा पनि आफ्नै ईच्छाले बिवाह गर्ने ८७ प्रतिशत देखियो भने अभिभावकले १ प्रतिशतको बिवाह गरी दिएको पाईयो ।

**तालिका ९: सन् २०२३ मा बाल बिवाहको प्रकार, लैङ्गिक तथा वडागत अनुसार बिवाहको विवरण**

| वडा न | अभिभावकले गरिदीएको बिवाह | | | | | | आफैले विवाह गरेका | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | १ | १००% | ० | ०% | १ | १००% | १ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | १ | ५०% | १ | ५०% | २ | १००% | २ |
| वडा न-३ | ० | ०% | ० | ०% | ० | ०% | ३ | ६०% | २ | ४०% | ५ | १००% | ५ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० |
| वडा न-६ | ० | ०% | ० | ०% | ० | ०% | २ | १००% | ० | ०% | २ | १००% | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | २ | ५०% | २ | ५०% | ४ | १००% | ४ |
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | ७ | ६४% | ४ | ३६% | ११ | १००% | ११ |
| **जम्मा** | ० | ०% | ० | ०% | ० | ०% | १६ | ६४% | ९ | ३६% | २५ | १००% | २५ |

सन् २०२३ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये १०० प्रतिशतनै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने जस मध्ये ६४ प्रतिशत महिलाको र बाँकि ३६ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । आफ्नै ईच्छाले बिवाह गरेको बाल बिवाहको महिलाको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर १ र ६ मा १०० प्रतिशत आफ्नै ईच्छाले बिवाह गर्ने चलन रहेको देखियो । त्यसरीनै पुरुषको हकमा आफ्नै ईच्छाले बाल बिवाह गरेको सबै भन्दा बढी वडा नम्बर २ मा ५० प्रतिशत र वडा नम्बर ७ मा ५० प्रतिशत आफ्नै ईच्छाले बिवाह गर्ने चलन रहेको देखियो । यसरी समग्रमा जुम्ला जिल्लाको कनकासुन्दरी पालिकामा पुरुषहरुको तुलनामा महिलाहरुले आफ्नै ईच्छाले बाल बिवाह गर्ने चलन रहेको पाईयो ।

## ३.२.३ बिवाह दर्ताको अवस्था

**तालिका १०: सन् २०२३ मा २० पारी भएको लैङ्गिक बिवाह दर्ता विवरण**

| वडा न | भएको | % | नभएको | % | जम्मा |
|---|---|---|---|---|---|
| वडा न-१ | २५ | ९३% | २ | ७% | २७ |
